प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १९ | वर्ष २ | श्रावण २५ गते | आईतबार




## गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान : हाम्रो अभियान

### गण्डकी प्रदेशको (COVID-19) सम्बन्धि जानकारी

| कुल संक्रमित | डिस्चार्ज भएका | सक्रिय केस | मृत्यु भएका | क्वारेन्टाइनमा |
|---|---|---|---|---|
| १६१२ | १४६३ | १४४ | ५ | ११४० |






गण्डकी प्रदेश अन्तर्गत स्थापना भएको संक्रामक तथा सरुवारोग अस्पताल, पोखरामा आज कोरोना उपचारका लागि बनेको आईसोलेसन केन्द्र सम्बन्धि गाईडलाईनको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । आजबाट यस अस्पतालमा कोरोना संक्रमितहरुको उपचारका लागि सेवा संचालन हुँदैछ ।



पोखरा महानगरपालिकाद्वारा आज कृषि तालिम केन्द्र, मालेपाटनमा सेवाग्राहीको भिड हुने तथा नागरिक संग प्रत्यक्ष सम्पर्कहुने हुलाक निर्देशनालय, पोखरा लगायत अन्य कार्यालयका कर्मचारीहरु, जिल्ला बाहिरबाट आउने व्यक्तिहरु, विदेशबाट आउने व्यक्तिहरु र नियमित रुपमा शंकास्पद व्यक्तिको (Contact Tracing) मार्फत नमुना संकलन गरिरहेको छ ।

### कोभिड-१९ संक्रमितको संक्षिप्त विवरण











गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयबाट आज बाग्लुङ्ग जिल्ला, बडीगाड गाउँपालिका–७ बसोबास गर्ने बर्ष १७, लक्ष्मी गुरुङको हेलिकप्टरद्वारा उद्दार भएको छ । वहाँको सुत्केरी अवस्थामा हुने समस्याहरु (Hand & Cord Prolapse with Fetal Bradycardia) रहेको छ ।

## गण्डकी प्रदेशमा हाल क्वारेन्टाइनमा रहेकाको विवरण





## गण्डकी प्रदेशमा हाल आइसोलेसनमा रहेकाको विवरण










मिति २०७७।४।२३ गतेका दिन प्रदेश स्वास्थ्य निर्देशक श्री डा. विनो विन्दु शर्मा ज्यूको अध्यक्षतामा यस प्रदेश अन्तर्गतका स्वास्थ्य शाखा प्रमुख ज्यूहरु एवं उक्त शाखा अर्न्तगतका नर्सिङ कर्मचारिहरुका लागि कोरोना भाईरस रोग (कोभिड–१९) विश्व महामारीको समयमा प्रजनन्, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाकोलागि अन्तरिम मार्गनिर्देशन सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । स्याङजा, म्याग्दी, बाग्लुङ र गोरखाका जिल्लाका करिब ३० जना सहभागीहरुको उपस्थितीमा सम्पन्न उक्त कार्यक्रमको सहजिकलरण परिवार कल्याण महाशाखा अर्न्तगत प्रनन् तथा मातृशिशु शाखाका प्रमुख डा. पुण्य पौडेल र उक्त शाखाका नर्शिङ अधिकृत निशा जोशीले गनु भएको थियो भने कार्यक्रमको समन्वय आईपास नेपाल बाट भएको थियो ।




क्वारेन्टाइन सहितको आईसोलेसन, गोरखा क्याम्पस गोरखा बिधिवत रुपमा आज प्रमुख जिल्ला अधिकारी तिर्थराज भट्टराई ज्यूबाट जिल्ला अस्पताल गोरखालाई हस्तान्तरण भएको छ ।

## कोभिड-१९ संक्रमितहरुको Travel History विवरण




## गण्डकी प्रदेशमा भारत तथा अन्य मुलुकबाट आएकाको विवरण






गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माद्वारा गण्डकी प्रदेशमा भैरहेका कोरोना नियन्त्रण, व्यवस्थापन र उपचार सम्बन्धि तथा पोषण सम्बन्धि क्रियाकलापको बारेमा National Nutrition Cluster meeting मा प्रस्तुतीकरण राख्नुभएको छ ।



मिति २०७७/०४/२३ गतेबाट स्याङ्जा जिल्ला अस्पतालमा हेमोडायलायसिस (Hemodialysis) सेवा संचालन भएको छ ।

## गण्डकी प्रदेशको (COVID-19) संक्रमितहरुको उमेरको आधारमा विभाजन






गण्डकी प्रदेशका सबै स्थानीय तहहरुमा रहेका स्वास्थ्य संस्थाहरुमा यो जोखिमको अबस्थामा पनि स्तनपान सप्ताह विभिन्न कार्यक्रम गरि सम्पन्न गर्नुभएको छ । सबै स्वास्थ्यकर्मी तथा सरोकारवालाहरु प्रति स्वास्थ्य निर्देशनालय हार्दिक आभार प्रकट गर्दछौ ।



सुत्केरी हुन नसकेर ताकम, म्याग्दीबाट पोखरा रिफर गरिएकी फुलमाया सुनारलाई गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयले हेलिकप्टरबाट उद्धार गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा ल्याईएको छ ।



गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा र रेडियो नेपाल, क्षेत्रिय प्रशारण केन्द्र, पोखराका कार्यालय प्रमुख सहित अन्य प्रतिनिधिहरु बीच छलफल सम्पन्न भएको थियो । गण्डकी प्रदेशले संचालन गरिरहेको कोरोना नियन्त्रण, व्यवस्थापन तथा उपचार सम्बन्धि कार्यमा रेडियो नेपालको भूमिका बारेमा छलफल भएको थियो ।




Mass Testing को कार्यलाई निरन्तरता दिने क्रममा नेपाल आयल निगमका ट्याङ्कर चालक, विभिन्न पेट्रोल पम्पमा कार्यरत कर्मचारी लगाएत केही स्वास्थ्यकर्मी गरी १०५ जनाको स्वाब संकलन भएको थियो। हिजो मात्रै गण्डकी प्रदेशको क्षयरोग उपचार केन्द्रमा ५७२ जनाको नमुना परिक्षण भएको थियो ।

## गण्डकी प्रदेशमा कोभिड-१९ को पिसिआर परीक्षण सम्बन्धि विवरण

| जिल्ला | कुल परीक्षण गरिएको | संक्रमण नदेखिएको | संक्रमण देखिएको | नतिजा आउन बाँकी |
|---|---|---|---|---|
| मुस्ताङ | ९१ | ९० | १ | ० |
| मनाङ | ६० | ५९ | १ | ० |
| म्याग्दी | ६७१ | ६२३ | ४८ | ० |
| पर्वत | २५५९ | २४५७ | १०२ | ० |
| गोरखा | २५६६ | २४५३ | ११३ | ० |
| लमजुङ | २६४१ | २५३० | १११ | ० |
| कास्की | ३७५५ | ३५८२ | १७३ | ० |
| तनहुँ | ३४३६ | ३२५२ | १८४ | ० |
| बाग्लुङ | ४४७३ | ४२१२ | २६१ | ० |
| स्याङजा | ३६५२ | ३३६२ | २९० | ० |
| नवलपरासी | ४५१० | ४१८२ | ३२८ | ० |
| जम्मा | २८४१४ | २६८०२ | १६१२ | ० |

### गण्डकी प्रदेशमा कोभिड १९ संक्रमण, डिस्चार्ज र आइसोलेसन सम्बन्धी विवरण






गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रि नरदेवी पुन मगरज्यू र स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूको बिषेश समन्वय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको उपस्थिति र गोर्खा वेलफेयर ट्रस्टको सहयोगमा म्याग्दी जिल्लाको अति बिकट मराङ लगायत आसपासका क्षेत्रका लागि अत्यावश्यकिय औषधि लगायतका सामग्री हेलीकप्टर मार्फत ढुवानी भएको थियो ।





क्षयरोग उपचार केन्द्रमा कोरोना परिक्षणका लागी Autoextractor Machine को स्थापना तथा संचालन भएको छ । गण्डकी प्रदेश अब धेरै परिमाणमा कोरोना परिक्षणका (Mass Testing) लागी सक्षम भएको छ ।


## कोरोना नियन्त्रण तथा अन्य स्वास्थ्य सम्बन्धि सामाजिक बिकाश मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको अनुरोध

कोरोनाको संक्रमण सम्भावना यथाबत नै छ, घरबाहिर निस्कदा मास्कको प्रयोग गरौ, एक पटक प्रयोग भएको मास्क दोस्रो पटक प्रयोग नगरौ, घरभित्र प्रवेश गर्नुअघि साबुनपानी वा स्यानीटाईजरले हात धोवौं, विदेशबाट आएका तथा टोलछिमेकमा शंका लागेका व्यक्तिहरुलाई कोरोना परिक्षणका लागि प्रोत्साहन गरौ तर वहाहरुलाई अपमानजनक ब्यबहार नगरौ, डेङगुको संक्रमण बढिरहेको छ, लामखुट्टेको टोकाईबाट बचौ, आफ्नो वरिपरी सफा राखौ ।
वर्षातको समयमा खानेपानी उमालेर मात्रै खाने गरौ,स्वास्थ्यकमीको सम्मान गरौ,
कुनैपनि स्वास्थ्य समस्या भएमा आफु नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौ,
कोरोना नियन्त्रण तथा अन्य स्वास्थ्य समस्याहरुको व्यबस्थापनमा जिम्मेवार नागरिकको पहिचान दिऔं, आफु पनि बचौ, अरुलाई पनि बचाऔ ।

# गण्डकी प्रदेशमा कोभिड–१९ संक्रमितका जिल्ला स्तरीय विवरण


कुल संक्रमित : १६१२
निको हुने दर : ९०.७५%
क्वारेन्टाइनमा रहेका : ११४०

कुल सक्रिय केस : १४४
निको भएका : १४६३
मृत्यु भएको : ५





Updated
2077-04-25
6:00 pm

## कोभिड–१९ संक्रमित महिला–पुरुष दर




## पिसिआर परीक्षणको नतिजा विवरण










गण्डकी प्रदेशका सबै जिल्लामा कोरोनाको संक्रमण भएको समयमा समेत आवश्यकता अनुसार स्याटेलाईट क्लिनिक संचालन भएको जानकारी सबै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुखहरुले दिनुभएको छ ।



नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा